# जनस्वास्थ्य आपत्काल व्यवस्थापन निर्देशिका, २०८२

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

नेपाल सरकार
# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
(..........................................................................शाखा)

फोन नं. ४२६२५९०, ४२६२८०२, ४२६२७०६, ४२६२९३५, ४२६२८६२, ४२२३५८०

रामशाहपथ,
काठमाडौं, नेपाल ।

प्राप्त पत्र संख्या :-
पत्र संख्या :-
चलानी नं. :-

नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय रामशाहपथ, काठमाडौं

मिति : २०८२ असार १५

## प्रक्कथन

विषय :-



जनस्वास्थ्य सेवा ऐन, २०७५ र जनस्वास्थ्य सेवा नियमावली, २०७७ ले आपत्कालीन स्वास्थ्य सेवा तथा व्यवस्थापन र संक्रामक रोगको रोकथाम, सूचना तथा उपचारका कार्यहरु सङ्घ, प्रदेश र स्थानीय तहहरुलाई तोकेको छ । संघीय संरचनाको मूल मर्मलाई ध्यानमा राख्दै जनस्वास्थ्य आपत्काल व्यवस्थापनमा सबै तहको जिम्मेवारी प्रदान गर्दै जवाफदेहि बनाउन तथा सबै तहका विभिन्न निकायहरु बीच समन्वय र सहकार्यको मार्ग प्रसस्त गर्न "जनस्वास्थ्य आपत्काल व्यवस्थापन निर्देशिका, २०८२" तयार गरिएको हो। यस निर्देशिकामा संघीय, प्रादेशिक तथा स्थानीय तहमा पहिलेनै स्थापित संरचनाहरु र मानव संसाधनहरू र उनीहरुले जनस्वास्थ्य आपत्काल व्यवस्थापन (पूर्वतयारी, प्रतिकार्य, र पुनर्स्थापन) मा गर्नुपर्ने कार्यहरु समेटिएको छ। जनस्वास्थ्य आपत्कालका अवस्थामा यी निकायहरुबीच हुनुपर्ने समन्वय र सहकार्यका विषयमा निर्देशनहरु पनि यस निर्देशिकाले प्रदान गरेको छ।

श्रीमान् सचिवज्यूको अध्यक्षतामा गठित निर्देशन समितिको बैठकको निर्देशानुसार लेखन सुरु गरिएको यो निर्देशिकालाई सङ्घ र प्रदेशका प्रतिनिधिहरूको सहभागिता भएको कार्यशालाबाट प्राप्त सल्लाह र सुझावका आधारमा परिमार्जन गरी विषयगत समिति बैठकको निर्देशानुसार प्रदेश तथा स्थानीय तहबाट आएका राय सुझाव संग्लन गरी अन्तिम रूप दिइएको थियो। मिति २०८२ साल असार १३ गते नेपाल सरकार (माननीय स्वास्थ्य तथा जनसंख्या मन्त्रीज्यू) बाट स्वीकृत भएको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको निरन्तर प्रतिबद्धता र सहकार्यको नतिजा स्वरूप यो निर्देशिका सम्भव भएको। स्वास्थ्य आपत्कालीन तथा विपद् व्यवस्थापन इकाईको प्रमुखका रूपमा यस्तो महत्वपूर्ण दस्तावेजमा मेरो प्रक्कथन प्रस्तुत गर्न पाउँदा गर्व अनुभूति गरेको छु ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको तर्फबाट म विश्व स्वास्थ्य संगठन नेपाललाई यो निर्देशिका निर्माण र प्रकाशनमा प्रदान गरेको प्राविधिक तथा वित्तीय सहयोगप्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु। यो निर्देशिका तयार गर्न मन्त्रालय तथा स्वास्थ्य सेवा विभागका सहकर्मीहरू तथा विश्व स्वास्थ्य संगठन नेपालका विज्ञहरूको अतुलनीय योगदान रहेको छ। मन्त्रालयस्तरीय निर्णयमार्फत अनुमोदन भएको यस निर्देशिकाले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको जनस्वास्थ्य आपत्काल व्यवस्थापन प्रतिको आफ्नो प्राथमिकताप्रति प्रतिबद्धता दर्शाएको छ। आगामी वर्षहरूमा नेपालले एकीकृत र समन्वित जनस्वास्थ्य आपत्काल व्यवस्थापन गरेको देख्न पाउँ भन्ने अपेक्षा लिएको छु र यस निर्देशिकाले आपत्कालीन तयारी र प्रतिकार्य सुदृढ गर्दै जीवन रक्षा, स्वास्थ्य सुधार र अति आवश्यक सहयोग प्रदान गर्न मद्दत गर्नेछ भन्ने आशा पनि लिएको छु।

डा प्रकाश बुढाथोकी
प्रमुख,
स्वास्थ्य आपत्कालीन तथा विपद् व्यवस्थापन इकाई/स्वास्थ्य आपतकालीन कार्यसंचालन केन्द्र .

# <u>जनस्वास्थ्य आपत्काल व्यवस्थापन निर्देशिका, २०८२</u>

*नेपाल सरकार (माननीय स्वास्थ्य तथा जनसंख्या मन्त्रीस्तर) बाट स्वीकृत मिति: २०८२/०३/१३*

<u>प्रस्तावना:</u> नेपालको संविधानद्वारा प्रत्याभूत गरिएको आकस्मिक स्वास्थ्य सम्बन्धी मौलिक हकको प्रभावकारी कार्यान्वयनका लागि जनस्वास्थ्य आपत्काल तथा विपद्को पूर्वतयारी, प्रतिकार्य तथा पुनर्स्थापना सम्बन्धी कार्यहरुलाई व्यवस्थित एवम् स्वचालित रुपमा संचालन गर्न वान्छनीय भएकोले,

जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ४८ को व्यवस्था अनुसार ऐ. ऐनको दफा ६४ ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले देहायबमोजिमको निर्देशका बनाएको छ।

## परिच्छेद १

## प्रारम्भिक

१. **<u>संक्षिप्त नाम र प्रारम्भ :</u>** क) यो निर्देशिकाको नाम "जनस्वास्थ्य आपत्काल व्यवस्थापन निर्देशिका, २०८२" रहेको छ।

ख) यो निर्देशिका तुरून्त प्रारम्भ हुनेछ।

२. **<u>परिभाषा:</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा-

(क) “अस्पताल” भन्नाले बिरामी भर्ना गरी चिकित्सकद्वारा स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य संस्था सम्झनु पर्छ।

(ख) “अस्पताल-पश्चात सेवा” भन्नाले बिरामीलाई अस्पतालबाट डिस्चार्ज गरिसकेपछि समय-समयमा पुन: स्वास्थ्य परिक्षण तथा सेवाका लागि प्रदान गरिने स्वास्थ्य सेवा सम्झनु पर्छ।

(ग) “अस्पताल-पूर्व सेवा” भन्नाले विरामी वा घाइतेलाई घटनास्थल देखि अस्पताल पुर्याउँदासम्म गरिने आकस्मिक उपचार र चिकित्सकीय सेवा सम्झनु पर्छ।

(घ) “अस्पताल सञ्जाल” भन्नाले जनस्वास्थ्य आपत्काल तथा विपद्को अवस्थामा प्रतिकार्य तथा स्वास्थ्य सेवा प्रदान गर्नका लागि तोकिएका

मुख्य सम्पर्क अस्पताल (हब अस्पताल) तथा स्याटेलाइट अस्पतालको सञ्जाललाई सम्झनु पर्छ।

(ङ) "इकाई" भन्नाले मन्त्रालय अन्तर्गत रहेको स्वास्थ्य आपत्कालिन तथा विपद् व्यवस्थापन इकाई सम्झनु पर्छ।

(च) "ऐन" भन्नाले जनस्वास्थ्य सेवा ऐन, २०७५ सम्झनु पर्छ।

(छ) "केन्द्र" भन्नाले स्वास्थ्य आपत्कालिन कार्यसञ्चालन केन्द्र सम्झनु पर्छ।

(ज) "घटना आदेश प्रणाली (इन्सिडेन्ट कमाण्ड सिस्टम)" भन्नाले जनस्वास्थ्य आपत्काल तथा विपद्का समयमा सम्बन्धित संस्था वा संस्थाका कर्मचारीलाई समावेश गरी संस्थागत पद्सोपानमा सिमित नरही छिटो छरितो निर्णयका लागि सक्रिय गरिने निर्देशनात्मक प्रणाली सम्झनु पर्छ। यसलाई संक्षिप्तमा आई.सि.एस्. समेत भनिनेछ।

(झ) "जनस्वास्थ्य आपत्काल" भन्नाले प्राकृतिक वा गैरप्राकृतिक विपद् वा महामारी तथा विषादि, रसायन तथा जैविक आतंक लगायतका कारणबाट सामान्य अवस्थामा भन्दा बढी संख्यामा बिरामी पर्ने, अङ्गभङ्ग हुने वा मृत्यु हुने अवस्था वा हुनसक्ने सम्भावित जोखिमसमेतलाई सम्झनु पर्छ।

(ञ) "नियमावली" भन्नाले जनस्वास्थ्य सेवा नियमावली, २०७७ सम्झनु पर्छ।

(ट) "प्रदेश सचिव" भन्नाले प्रदेश सरकार अन्तर्गतको स्वास्थ्य सम्बन्धी विषय हेर्ने मन्त्रालयको सचिवलाई सम्झनु पर्छ।

(ठ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले स्थानीय तहको प्रशासकीय प्रमुखको रुपमा काम गर्ने व्यक्तिलाई सम्झनु पर्छ।

(ड) "प्रादेशिक केन्द्र" भन्नाले प्रादेशिक स्वास्थ्य आपत्कालिन कार्यसञ्चालन केन्द्र सम्झनु पर्छ।

(ढ) “प्रादेशिक मन्त्रालय” भन्नाले प्रदेशमा रहेको स्वास्थ्य सम्बन्धी विषय हेर्ने मन्त्रालयलाई सम्झनु पर्छ।

(ण) “मन्त्रालय” भन्नाले नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई सम्झनु पर्छ।

(त) “मुख्य सम्पर्क (हब) अस्पताल” भन्नाले मन्त्रालयले तोकेको र जनस्वास्थ्य आपत्काल तथा विपद्का समयमा मन्त्रालयको सम्पर्कमा रही काम गर्नुपर्ने अस्पतालहरूलाई सम्झनु पर्छ।

(थ) “विपद्” भन्नाले कुनै स्थानमा आपत्कालिन अवस्था सृजना भइ जन धनको क्षतिको साथै जीवनयापन र वातावरणमा प्रतिकूल असर पार्ने प्राकृतिक तथा गैरप्राकृतिक घटनालाइ सम्झनु पर्छ।

(द) “स्थानीय तह” भन्नाले गाउँपालिका, नगरपालिका, उप-महानगरपालिका, महानगरपालिकालाई सम्झनु पर्छ।

(ध) “स्याटेलाईट अस्पताल” भन्नाले मुख्य सम्पर्क अस्पतालको क्षेत्र भित्र पर्ने सम्पूर्ण सरकारी, सामुदायिक, निजी तथा गैरसरकारी अस्पताललाई सम्झनु पर्छ।

(न) ‘‘सचिव’’ भन्नाले मन्त्रालयको स्वास्थ्य सम्बन्धी विषय हेर्ने सचिव सम्झनु पर्छ।

(प) “सल्लाहकार समिति” भन्नाले यस निर्देशिकाको दफा (११) बमोजिमको जनस्वास्थ्य आपत्काल व्यवस्थापन सल्लाहकार समिति सम्झनु पर्छ।

## परिच्छेद २

## जनस्वास्थ्य आपत्काल व्यवस्थापन

**३.** संघीय घटना आदेश प्रणाली / इन्सिडेन्ट कमाण्ड सिस्टम (आइ. सी. एस.):

(१) संघीय आइ.सी.एस्. को गठनः

(क) जनस्वास्थ्य आपत्कालको प्रतिकार्य व्यवस्थापनको लागि मन्त्रालयले मन्त्रालय वा मातहतका कर्मचारीहरूलाई समावेश गर्दै निर्णय प्रक्रिया छिटो, छरितो र प्रभावकारी बनाउन सचिवको नेतृत्वमा कार्यसंचालन, योजना-बजेट, आपूर्ति व्यवस्थापन, अर्थ-प्रशासन, सूचना-संचार, समन्वय र सचिवालय सहितको संघीय घटना आदेश प्रणाली/इन्सिडेन्ट कमाण्ड सिस्टम (आइ.सी.एस्.) गठन गर्नेछ।

(ख) कार्यसंचालनको जिम्मेवारी महानिर्देशक, स्वास्थ्य सेवा विभाग र स्वास्थ्य आपत्कालीन तथा विपद् व्यवस्थापन इकाई प्रमुख; योजना-बजेटको जिम्मेवारी नीति, योजना, तथा अनुगमन महाशाखा प्रमुख; आपूर्ति व्यवस्थापनको जिम्मेवारी व्यवस्थापन महाशाखा निर्देशक, स्वास्थ्य सेवा विभाग; अर्थ-प्रशासनको जिम्मेवारी प्रशासन महाशाखा प्रमुख; सूचना-संचारको जिम्मेवारी राष्ट्रिय स्वास्थ्य शिक्षा, सुचना तथा संचार केन्द्र; समन्वयको जिम्मेवारी स्वास्थ्य समन्वय महाशाखा प्रमुख र सचिवालयको जिम्मेवारी स्वास्थ्य आपत्कालीन कार्यसंचालन केन्द्र प्रमुखको हुनेछ।

(२) संघीय आइ.सी.एस्. देहाय बमोजिमको अवस्थामा सक्रिय हुनेछः

(क) ऐनको दफा ४८ को उपदफा ४ बमोजिम जनस्वास्थ्य आपतकाल घोषणा भएमा, वा

(ख) प्राकृतिक वा गैरप्राकृतिक विपद् भइ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ तथा नियमावली, २०७६ बमोजिम गृह मन्त्रालयले विपद आपतकाल घोषणा गरेमा सचिवको आदेशमा, वा

(ग) यस जनस्वास्थ्य आपतकाल व्यवस्थापन निर्देशिकाको दफा ११ उपदफा (१) बमोजिमको सल्लाहाकार समितिको सल्लाहमा।

(३) संघीय आइ.सी.एस्. को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सबै कर्मचारीहरुको सुरक्षा सुनिश्चित गर्ने,

(ख) जनस्वास्थ्य आपत्काल व्यवस्थापनमा सरोकारवाला निकायहरूसँग समन्वय गर्ने,

(ग) जनस्वास्थ्य आपत्काल व्यवस्थापनका लागि आवश्यक बजेट सहितको विस्तृत प्रतिकार्य योजना तयार गरी लागु गर्ने,

(घ) कार्यान्वयन भएका योजनाहरूको समय समयमा अनुगमन गरी सुधारका लागि आवश्यक निर्देशन दिने र सुधारात्मक कार्यहरू जारी गर्ने,

(ङ) जनस्वास्थ्य आपतकाल भएको स्थान र सम्बन्धित निकायहरूसंग समन्वय गरी सहयोग आवश्यक भएमा उचित व्यवस्थापन गर्ने गराउने।

(४) आई.सि.एस्. अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) जनस्वास्थ्य आपतकाल प्रतिकार्यसँग सम्बन्धित समग्र गतिविधिहरूको मुख्य आदेशकर्ताको रुपमा रही सोसँग सम्बन्धित सबै विषयहरूमा निर्णय लिने तथा निर्देशन दिने।

(५) कार्यसंचालन अन्तर्गत देहाय बमोजिमको काम, कर्तव्य र अधिकार हुनेछः-

(क) स्वास्थ्य सेवा विभाग प्रमुखले रोग तथा महामारीसँग सम्बन्धित जनस्वास्थ्य आपतकाल प्रतिकार्यमा आई.सि.एस्. का सबै निर्णयहरुको पालना गर्ने गराउने।

(ख) स्वास्थ्य आपत्कालीन तथा विपद् व्यवस्थापन इकाई प्रमुखले प्राकृतिक वा गैरप्राकृतिक विपद् तथा विषादि, रसायन तथा जैविक

आतंक सँग सम्बन्धित जनस्वास्थ्य आपतकाल प्रतिकार्यमा आई.सि.एस्. का सबै निर्णयहरुको पालना गर्ने गराउने।

(६) योजना-बजेट अन्तर्गत देहाय बमोजिमको काम, कर्तव्य र अधिकार हुनेछः-

(क) जनस्वास्थ्य आपतकालको प्रभावलाई रोक्न वा कम गर्न जोखिम मूल्याङ्कन गर्ने,

(ख) विपद सम्बन्धित जोखिम तथा घटनाहरूको पहिचान, प्रमाणीकरण र अनुसन्धानका लागि आवश्यक जानकारीहरूको व्यवस्थित सङ्कलन तथा विश्लेषण गर्ने,

(ग) विपद सम्बन्धित सूचकहरूको पहिचान गरी डाटा सङ्कलन तथा विश्लेषण गर्ने, निरन्तर अनुगमन गर्ने र आवश्यकताअनुसार प्रतिकार्य रणनीतिमा परिवर्तनका लागि सिफारिस गर्ने,

(घ) जनस्वास्थ्य आपत्काल प्रतिकार्यका लागि आवश्यक बजेट सहित कार्ययोजना निर्माण गर्ने ।

(७) आपूर्ति व्यवस्थापन अन्तर्गत देहाय बमोजिमको काम, कर्तव्य र अधिकार हुनेछः-

(क) जनस्वास्थ्य आपत्काल प्रतिकार्यमा आवश्यक स्वास्थ्य सामग्रीको पुर्वानुमान गर्ने,

(ख) जनस्वास्थ्य आपत्काल प्रतिकार्यमा आवश्यक स्वास्थ्य सामग्रीको खरिद गरी मौज्दात राख्ने,

(ग) जनस्वास्थ्य आपत्काल प्रतिकार्य रणनीतिको आवश्यकताअनुसार स्वास्थ्य सामग्रीहरू व्यवस्थापन गर्ने।

(८) अर्थ-प्रशासन अन्तर्गत देहाय बमोजिमको काम, कर्तव्य र अधिकार हुनेछः-

(क) जनस्वास्थ्य आपत्काल प्रतिकार्यमा आवश्यक मानव श्रोत परिचालनको सुनिश्चितता र अनुगमन गर्ने,

(ख) जनस्वास्थ्य आपत्काल प्रतिकार्यमा आवश्यक वित्तीय श्रोत-साधनको सुनिश्चितता गर्ने,

(ग) प्रतिकार्य रणनीति तथा योजनामा विनियोजन गरिएको बजेटको उपयोग गर्ने गराउने,

(घ) जनस्वास्थ्य आपत्काल प्रतिकार्यका गतिविधिहरूमा संलग्न मानव संसाधनको लागि उपयुक्त सुरक्षाको सुनिश्चितता गर्ने।

(९) सूचना-संचार अन्तर्गत देहाय बमोजिमको काम, कर्तव्य र अधिकार हुनेछः-

(क) जनस्वास्थ्य आपत्कालको अवस्थामा समुदाय तथा सञ्चारमाध्यमलाई समय समयमा सूचना सम्प्रेषण गर्ने,

(ख) जनस्वास्थ्य आपत्कालको अवस्थामा नियमित रूपमा बुलेटिन प्रकाशन तथा प्रशारण गर्ने।

(१०) समन्वय अन्तर्गत देहाय बमोजिमको काम, कर्तव्य र अधिकार हुनेछः-

(क) आवश्यकता अनुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सम्बन्धित मन्त्रालय वा निकायका साथै सहयोगी संस्थासँग समन्वय गर्ने ।

(११) सचिवालयको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) आई.सि.एस्. का सबै निर्णयहरू र अनुमोदन भएको रणनीति तथा कार्ययोजना कार्यान्वयन गर्ने गराउने।

(ख) जनस्वास्थ्य आपत्कालको तयारी, प्रतिकार्य तथा स्रोत व्यवस्थापनका लागि सरोकारवाला निकायसगँ समन्वय गर्ने।

४. <u>स्वास्थ्य आपतकालिन तथा विपद् व्यवस्थापन इकाईः-</u> (१) जनस्वास्थ्य आपत्काल सम्बन्धी पूर्वतयारी तथा प्रतिकार्यका कार्यहरू एकिकृतरूपमा व्यवस्थापन गर्न मन्त्रालय अन्तर्गत स्वास्थ्य आपतकालिन तथा विपद् व्यवस्थापन इकाई रहनेछ ।

(२) स्वास्थ्य आपतकालिन तथा विपद् व्यवस्थापन इकाईको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) जनस्वास्थ्य आपत्कालको पूर्वतयारीका अवस्थामाः-

(१) जनस्वास्थ्य आपत्कालका बेलामा समुदायमा दिइने सेवा, अस्पताल-पूर्व सेवा, अस्पतालमा प्रदान गरिने सेवा र अस्पताल-पश्चातको सेवाका लागि आवश्यक निर्देशिका, मापदण्ड, योजना, कार्यविधि तयार गर्ने।

(२) सरकारी, सामुदायिक, निजी तथा शिक्षण अस्पतालहरूसँग समन्वय गरी हब-स्याटेलाइट अस्पताल सञ्जाल निर्माण गर्ने र अस्पतालको विपद व्यवस्थापन योजना तयार गर्न सहयोग गर्ने।

(३) जनस्वास्थ्य आपत्कालसगँ सम्बन्धित सबै किसिमका तथ्यांकहरू संकलन, अद्यावधिक र विश्लेषण गर्ने।

(४) जनस्वास्थ्य आपत्कालसँग सम्बन्धित आवश्यक विभिन्न स्रोत-साधनहरुको अनुमान तथा लगत अद्यावधिक राख्ने।

(५) अस्पतालपूर्व सेवा प्रणालीलाई सुदृढिकरण गर्दै देशभरका एम्बुलेन्सहरूलाई प्रेषण केन्द्र (टेलिफोन नम्बर १०२) मार्फत सञ्चालन गर्न व्यवस्था गर्ने।

(६) जनस्वास्थ्य आपत्काल व्यवस्थापनका लागि आवश्यक क्षमता अभिवृद्धि गर्न सम्बन्धित निकायसगँ समन्वय र सहजीकरण गर्ने।

(७) हब तथा स्याटेलाइट अस्पताल सञ्जाललाई व्यवस्थित गर्दै आपतकालिन अवस्थामा प्रतिकार्यको लागि तयारी अवस्थामा राख्ने।

(८) जनस्वास्थ्य आपत्कालको तयारीका लागि जोखिम विश्लेषण गर्दै नियमित रूपमा नमुना अभ्यास (Simulation Exercise) सञ्चालन गर्न सहयोग गर्ने।

(९) विश्वका कुनै पनि भूभागमा जैविक आतङ्कवाद (Bioterrorism) साथै महामारीको अवस्था सिर्जना भएमा त्यसबाट नेपालमा हुनसक्ने जोखिम विश्लेषणको निम्ति आवश्यक तयारी तथा समन्वय सुनिश्चित गर्ने।

(१०) मौसमी रूपमा देखा पर्ने प्राकृतिक तथा मानवजन्य विपद्हरूको पूर्वसतर्कतासम्बन्धी कार्यका लागि सम्बन्धित निकायहरूसँग समन्वय गरी लक्षित समूहमा जानकारी प्रदान गर्ने।

(११) विपदको पूर्वसूचना प्रणालीको आधारमा तयारी तथा प्रतिकार्यलाई प्रभावकारी बनाउने।

(१२) जोखिम मूल्याङ्कनको लागि विकसित गरिएका विधिहरू र अन्तर्राष्ट्रिय स्वास्थ्य नियमावली (International Health Regulation, 2005) को मूल्याङ्कन रुपरेखा (Monitoring and Evaluation Framework) का आधारमा प्राप्त सुझावहरू र प्राथमिकता क्षेत्रहरूलाई ध्यानमा राख्दै आवश्यक कार्ययोजना तयार गरि कार्यान्वयन गर्ने।

(१३) जनस्वास्थ्य आपत्काल व्यवस्थापनका लागि विज्ञहरुको रोस्टरको व्यवस्था गर्ने।

(१४) जनस्वास्थ्य आपत्काल व्यवस्थापनका लागि प्रत्येक वर्ष आवश्यकता र क्षमताका आधारमा बजेट व्यवस्थापन गर्ने वा सोका लागि आवश्यक समन्वय गर्ने।

(ख) जनस्वास्थ्य आपत्कालको अवस्थामा :

(१) जनस्वास्थ्य आपतकालको अवस्थामा मन्त्रालयको इन्सिडेन्ट कमाण्ड सिस्टम (आई.सि.एस्.) सक्रिय भएमा इकाईले स्वास्थ्य आपत्कालीन कार्यसंचालन केन्द्रको रुपमा आई.सि.एस्. को सचिवालयको कार्य गर्दै आई.सि.एस्. का सबै निर्णयहरू र अनुमोदन भएको कार्ययोजना कार्यान्वयन गर्ने गराउने।

(२) स्वास्थ्य आपत्कालीन कार्यसंचालन केन्द्रमा एक केन्द्र प्रमुखका साथै कम्तिमा एक जना सूचना व्यवस्थापन हेर्ने र एक प्रशासन तथा कार्यालय संचालन हेर्ने कर्मचारी उपलब्ध हुनुपर्ने। थप जनशक्ति आवश्यक परेमा आई.सि.एस्. को निर्णयअनुसार स्थायी दरबन्दीका कर्मचारीहरू वा आन्तरिक स्रोत वा करार सेवामार्फतका कर्मचारीहरु खटाउने।

(३) अनुसूची १ बमोजिम जनस्वास्थ्य आपतकालको स्थिति विश्लेषण गरी घटना, रोग वा जोखिम फैलिएको स्थानको सूक्ष्म नक्सा तयार गरी आई.सि.एस्. मा जानकारी प्रस्तुत गर्ने।

(४) संघीय स्तरमा बहुक्षेत्रीय आपतकालिन पूर्वतयारी तथा प्रतिकार्य गतिविधिको लागि स्वास्थ्य क्षेत्रको सम्पर्क केन्द्रको रूपमा कार्य गर्ने । ५) जनस्वास्थ्य आपत्कालका बेला गलत सूचना प्रवाह हुन वा

अफवाह (infodemic) फैलिन नदिने सम्बन्धमा आवश्यक व्यवस्था गर्ने।

(५) संघ, प्रदेश र स्थानीय तहका सम्बन्धित मन्त्रालय, निकाय तथा अस्पतालहरूसँग समन्वय गरी समग्र प्रतिकार्यलाई प्रभावकारी बनाउने।

(६) अस्पतालपूर्व सेवा प्रणालीअन्तर्गत देशभरका एम्बुलेन्सहरूलाई प्रेषण केन्द्रमार्फत प्रत्यक्ष निगरानी र परिचालन गर्ने।

(७) प्रादेशिक केन्द्र तथा अस्पताल सञ्जालसँगको समन्वयमा अत्यावश्यक स्वास्थ्य सामग्री तथा स्रोत साधनहरूको तथ्यांक संकलन र अद्यावधिक गर्ने।

(८) अस्पतालहरूको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको कार्यान्वयनमा सहजीकरण र अनुगमन गर्ने।

(९) आपत्कालीन चिकित्सकीय समूहहरुको आवश्यकता भएमा आपत्कालीन चिकित्सकीय समूह परिचालन कार्यविधि, २०८१ अनुसार आपत्कालीन चिकित्सकीय समूह परिचालन गर्ने।

(१०) जनस्वास्थ्य आपत्कालको प्रतिकार्य तथा सोको स्रोत व्यवस्थापनका लागि सरोकारवाला निकायसगँ समन्वय गर्ने।

(ग) जनस्वास्थ्य आपत्काल पश्चातको अवस्थामाः-

(१) अस्पतालपश्चातको विशेषज्ञ सेवाको सम्बन्धमा श्रोत, साधन पहिचान गरी आवश्यक व्यवस्था मिलाउने।

(२) जनस्वास्थ्य आपत्कालबाट प्रभावित समुदायको स्वास्थ्य सम्बन्धी पुर्नलाभ तथा पुर्नस्थापनाका लागि आवश्यक समन्वयकारी भूमिका निर्वाह गर्ने।

५. <u>प्रदेश इन्सिडेन्ट कमाण्ड सिस्टमः</u> (१) जनस्वास्थ्य आपत्कालको प्रतिकार्य व्यवस्थापनका लागि सम्बन्धित प्रदेश मन्त्रालयले स्वास्थ्य सम्बन्धित संस्था वा संस्थाका कर्मचारीहरूलाई समावेश गरी छिटो छरितो निर्णय प्रक्रिया गर्न स्वास्थ्य हेर्ने मन्त्रालयको सचिवको संयोजकत्वमा सङ्घमा भएको व्यवस्था बमोजिम इन्सिडेन्ट कमाण्ड सिस्टम गठन गर्नुपर्नेछ।

(२) प्रदेश इन्सिडेन्ट कमाण्ड सिस्टमको ढाँचा र यसको संरचना, सक्रिय हुने व्यवस्था, काम, कर्तव्य र अधिकार संघीय इन्सिडेन्ट कमाण्ड सिस्टम अनुरुप हुनुपर्नेछ।

(३) प्रदेश इन्सिडेन्ट कमाण्ड सिस्टमले संघीय इन्सिडेन्ट कमाण्ड सिस्टमको समन्वय र सहकार्यमा कार्य गर्नुपर्नेछ।

६. <u>प्रादेशिक स्वास्थ्य आपतकालिन कार्यसञ्चालन केन्द्रः</u> (१) प्रदेशमा रहेका स्वास्थ्यसम्बन्धी विषय हेर्ने मन्त्रालयले प्रादेशिक स्वास्थ्य आपतकालिन कार्यसंचालन केन्द्रको स्थापना प्रदेश मन्त्रालयमा गर्नुपर्नेछ।

(२) प्रदेश केन्द्रमा एक केन्द्र प्रमुखका साथै कम्तिमा एक जना सूचना व्यवस्थापन गर्ने र एक जना प्रशासन तथा कार्यालय संचालन गर्ने कर्मचारी उपलब्ध हुनुपर्नेछ। जनस्वास्थ्य आपतकालमा थप जनशक्ति आवश्यक परेमा प्रदेश आई.सि.एस्. को निर्णयअनुसार स्थायी दरबन्दीका कर्मचारीहरू वा आन्तरिक स्रोत वा करार सेवामार्फतका कर्मचारीहरु खटाउनुपर्नेछ।

(३) प्रादेशिक स्वास्थ्य आपतकालिन कार्यसञ्चालन केन्द्रले आ-आफ्नो प्रादेशिक क्षेत्रभित्र यस निर्देशिकाको दफा ४ मा उल्लेखित काम, कर्तव्य र अधिकारको प्रयोग र पालना गर्नुपर्नेछ।

७. <u>स्थानीय इन्सिडेन्ट कमाण्ड सिस्टमः</u> (१) स्थानीय तहमा जनस्वास्थ्य आपत्काल व्यवस्थापन गर्न स्थानीय तहको प्रमुख/अध्यक्ष को नेतृत्व र स्वास्थ्य सम्बन्धि विषय हेर्ने शाखा/महाशाखा/विभाग प्रमुख सदस्य सचिव रहने गरि स्थानीय इन्सिडेन्ट कमाण्ड सिस्टम गठन गर्नुपर्नेछ ।

(२) स्थानीय इन्सिडेन्ट कमाण्ड सिस्टमको ढाँचा र यसको संरचना, सक्रिय हुने व्यवस्था, काम, कर्तव्य र अधिकार संघीय र प्रादेशिक इन्सिडेन्ट कमाण्ड सिस्टम अनुरुप हुनुपर्नेछ।

(३) उपदफा (१) बमोजिमको इन्सिडेन्ट कमाण्ड सिस्टमले आवश्यकता अनुसार जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश र संघीय इन्सिडेन्ट कमाण्ड सिस्टमसंग समन्वय गर्नुपर्नेछ।

(४) स्थानीय इन्सिडेन्ट कमाण्ड सिस्टमले जनस्वास्थ्य आपत्काल व्यवस्थापनका लागि प्रत्येक वर्ष आवश्यकता र क्षमताका आधारमा बजेट विनियोजन गर्नुपर्नेछ।

८. <u>अस्पताल सञ्जालको व्यवस्थाः</u> (१) जनस्वास्थ्य आपत्कालको प्रभावकारी पूर्वतयारी र प्रतिकार्यका लागि इकाईले देशभित्र रहेका अस्पताललाई समावेश गरी अस्पताल सञ्जालको व्यवस्था गर्नुपर्नेछ । सल्लाहकार समितिले अनुसूची २ अनुसारको मापदण्ड पुरा गरेका अस्पतालहरुलाई मुख्य सम्पर्क (हब) अस्पतालमा थपघट गर्न सक्नेछ।

(२) मुख्य सम्पर्क अस्पतालको भौगोलिक कार्यक्षेत्रमा रहने सबै अस्पतालहरुले स्याटेलाइट अस्पतालको रूपमा काम गर्नेछन्।

(३) मुख्य सम्पर्क (हब) अस्पतालको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) अस्पताल प्रमुखले अस्पतालको आकस्मिक विभाग प्रमुखलाई हब अस्पतालका लागि मूख्य सम्पर्क व्यक्तिको रूपमा तोक्ने, र सो को जानकारी प्रादेशिक केन्द्र र केन्द्रमा गराउने।

(ख) हब अस्पतालले आफ्नो सञ्जाल भित्रका अस्पतालहरुसँग पूर्वतयारीको अवस्थामा त्रैमासिक रुपमा र प्रतिकार्य अवधिमा आवश्यकतानुसारको समन्वय बैठक सञ्चालन गर्ने।

(ग) जनस्वास्थ्य आपत्कालको पूर्वतयारीका लागि जनशक्ति व्यवस्थापन, आपूर्ति व्यवस्थापन, भौतिक श्रोत, औषधि तथा

औषधीजन्य औजार उपकरण आदिको विद्युतीय प्रणालीमा नियमित रुपमा नक्साकंन  र अद्यावधिक गर्ने गराउने।

(घ) जनस्वास्थ्य आपत्कालको अवस्थामा कुनै पनि समयमा परिचालन हुनका लागि आपतकालिन चिकित्सकीय समूह परिचालन कार्यविधि २०८१ मा व्यवस्था भएअनुसार आपतकालिन चिकित्सकीय समूह तयारी अवस्थामा राख्ने।

(ङ) आपतकालिन अवस्थामा प्रभावकारी सञ्चारका लागि योजना बनाई कार्यान्वयन गर्ने गराउने।

(च) जनस्वास्थ्य आपत्कालका समयमा स्वास्थ्य हेर्ने प्रादेशिक मन्त्रालय र अन्य सरोकारवाला निकायसंग समन्वय गरि आपतकालिन चिकित्सकीय समूह परिचालन कार्यविधि २०८१ मा तोकेको द्रुत मुल्यांकन  गर्ने गराउने।

(छ) जनस्वास्थ्य आपत्कालका समयमा सम्बन्धित सञ्जालभित्रका अस्पताललाई स्वास्थ्य उपचारका लागि आवश्यक स्रोत सामग्री तथा जनशक्तिको लागि समन्वय गर्ने।

(ज) जनस्वास्थ्य आपत्काल अवस्था तथा आपत्काल पश्चात रेफरल सेवालाई सम्बन्धित अस्पतालहरूसंग निरन्तरताका लागि सहकार्य गरि व्यवस्थित गर्ने।

(झ) अस्पताल विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जूमा गर्ने, सो योजनालाई विद्धुतीयकरण गर्ने र सबै कर्मचारीहरुलाई वार्षिक रूपमा अभिमुखीकरण गर्ने।

(ञ) आफ्ना संजाल अन्तर्गतका स्याटेलाइट अस्पतालहरूको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना बनाउन सहजीकरण गर्ने।

(ट) आफ्ना संजाल अन्तर्गतका स्याटेलाइट अस्पतालहरूको नविकरण, स्याटेलाइट अस्पतालका उपकरणहरुको भन्सार छुट जस्ता कार्यमा सिफारिश गर्ने।

(ठ) जनस्वास्थ्य आपत्कालको समयमा अस्पतालको भौतिक संरचनामा क्षति भई अस्पतालभित्र सेवा दिन कठिन भएको अवस्थामा निरन्तर स्वास्थ्य सेवा सुनिश्चितताका लागि वैकल्पिक सेवा क्षेत्र (Alternate Care Site) को व्यवस्था गर्ने ।

(ड) जनस्वास्थ्य आपत्काल व्यवस्थापनका लागि प्रत्येक वर्ष आवश्यकता र क्षमताका आधारमा बजेट विनियोजन गर्ने।

(ढ) इकाई, केन्द्र र प्रादेशिक केन्द्रको समन्वयमा आवश्यक कार्यहरू गर्ने गराउने।

(४) स्याटेलाइट अस्पतालको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) जनस्वास्थ्य आपत्काल व्यवस्थापनका लागि मुख्य सम्पर्क व्यक्ति तोक्ने र सोको जानकारी हब अस्पताललाई गराउने,

(ख) जनस्वास्थ्य आपत्काल पूर्व तयारीको लागि अस्पतालको सञ्जालमा आबद्ध भई इकाई, केन्द्र र मुख्य सम्पर्क अस्पतालको समन्वयमा रही जनशक्ति व्यवस्थापन, आपूर्ति व्यवस्थापन, भौतिक स्रोत, औषधि तथा औषधिजन्य औजार उपकरण लेखाजोखा आदिको विद्युतीय प्रणालीमा नियमित रुपमा नक्सांकन र अद्यावधिक गर्ने गराउने,

(ग) आपतकालिन अवस्थामा प्रभावकारी सञ्चारका लागि योजना बनाई कार्यान्वयन गर्ने,

(घ) अस्पताल विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जूमा गरी सो योजनालाइ विद्धुतीय प्रणालीद्वारा मुख्य सम्पर्क अस्पताल र केन्द्रमा जानकारी गराउने,

(ङ) जनस्वास्थ्य आपत्काल तथा विपद्को समयमा अस्पतालको भौतिक संरचनामा क्षति भई अस्पतालभित्र सेवा दिन कठिन

भएको अवस्थामा निरन्तर स्वास्थ्य सेवा सुनिश्चितताका लागि वैकल्पिक सेवा क्षेत्र (Alternate Care Site) को व्यवस्था गर्ने,

(च) जनस्वास्थ्य आपत्काल तथा विपद् व्यवस्थापनका लागि प्रत्येक वर्ष आवश्यकता र क्षमताका आधारमा बजेट विनियोजन गर्ने,

(छ) केन्द्र, प्रादेशिक केन्द्र र हब अस्पतालको समन्वयमा आवश्यक कार्य गर्ने।

९. आपत्कालिन स्वास्थ्य योजना: (१) सबै हब तथा स्याटेलाइट अस्पतालहरुले मन्त्रालयले तोकेको ढाँचाअनुसार अस्पताल विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्नुपर्नेछ । स्याटेलाइट अस्पतालले तयार गरेको योजना सम्बन्धित मुख्य सम्पर्क अस्पतालमा तथा मुख्य सम्पर्क अस्पतालले आफ्नो तथा स्याटेलाइट अस्पतालहरूको योजना सम्बन्धित प्रादेशिक केन्द्र र केन्द्रमा उपलब्ध गराउनुपर्नेछ ।

२) संघीय मन्त्रालय, प्रादेशिक मन्त्रालय, र स्थानीय तहले जनस्वास्थ्य आपत्काल तथा विपद्का प्रकृति तथा आवश्यकता अनुसार स्वास्थ्य क्षेत्रका विभिन्न पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण तथा कार्यान्वयन गर्नुपर्नेछ।

१०. जनस्वास्थ्य आपत्काल प्रतिकार्य टोलीहरु: (१) विपद् घटेको वा रोग वा महामारी फैलिएको स्थानमा तथा नजिकैको अस्पतालहरूमा आवश्यक चिकित्सकीय सेवा प्रदान गर्न सबै हब अस्पतालहरुले “आपतकालिन चिकित्सकीय समूह परिचालन कार्यविधि २०८१” मा तोके बमोजिमको चिकित्सक, नर्स, पारामेडिक जस्ता स्वास्थ्यकर्मीको समूह गठन गर्नुपर्नेछ ।

(२) देशभित्र वा बाहिरका सबै आपतकालिन चिकित्सकिय समूहको परिचालन तथा व्यवस्थापन मन्त्रालय अन्तर्गत गठित आपतकालिन चिकित्सकिय समूह परिचालन समितिले गर्नेछ।

(३) विपद् घटेको वा रोग वा महामारी फैलिएको स्थानमा "द्रुत प्रतिकार्य टोली तथा आपत्कालीन चिकित्सकीय समूह परिचालन सम्बन्धि निर्देशिका, २०७९" बमोजिम द्रुत प्रतिकार्य टोली परिचालन हुनुपर्नेछ।

(४) परिचालित समूह/टोलीलाई अर्को समूह/टोली को आवश्यकता पर्ने अनुमान/विश्लेषण/महशुस भएमा आवश्यक निर्णयार्थ केन्द्रलाई खबर गर्नुपर्नेछ।

११. <u>जनस्वास्थ्य आपत्काल व्यवस्थापन सल्लाहकार समितिः</u> (१) जनस्वास्थ्य आपत्काल व्यवस्थापनमा सम्बन्धित सरोकारवालाहरुलाई आवश्यक नीतिगत सुझाव तथा सल्लाह र निर्देशन दिन देहाय बमोजिम सल्लाहकार समिति गठन गरिनेछ :

| | |
|---|---|
| अध्यक्ष | -माननीय मन्त्रीज्यू, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय |
| सदस्य | -सचिव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय |
| सदस्य | -प्रमुख, राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण |
| सदस्य | -अतिरिक्त सचिवहरु, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय |
| सदस्य | -महानिर्देशकहरु, मन्त्रालयका सबै विभागहरु |
| सदस्य | -प्रतिनिधि, विश्व स्वास्थ्य संगठन नेपाल |
| सदस्य-सचिव | -प्रमुख, स्वास्थ्य आपत्कालीन तथा विपद् व्यवस्थापन इकाई |

(२) उपदफा १ बमोजिमको समितिमा आवश्यकतानुसार विषयविज्ञ तथा अन्य सरोकारवालाहरुलाई आमन्त्रण गर्न सकिनेछ।

१२.<u>सूचना र संचार व्यवस्थापन प्रणालीः</u> (१) जनस्वास्थ्य आपत्कालको समयमा केन्द्रलाई र अन्य समयमा इकाईलाई आवश्यक पर्ने सूचना उपलब्ध गराउनु सम्बन्धित सरोकारवाला व्यक्ति वा निकायको कर्तव्य हुनेछ।

(२) विपद् सम्बन्धी डाटा र तथ्यांक अद्यावधिक रहने गृह मन्त्रालयको विपद् पोर्टल तथा रोग तथा महामारी सम्बन्धी डाटा र तथ्यांक अद्यावधिक

रहने स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको EWARS र SORMAS लगायतका पोर्टलको इन्टर्याकटीभ ड्यासबोर्ड (interactive dashboard) को पहुँच इकाईमा हुनुपर्नेछ।

(३) केन्द्र र प्रदेश केन्द्र संजालको छिटो छरितो र प्रभावकारी सूचना समन्वयका लागि एकद्वार सूचना व्यवस्थापन प्रणाली प्रयोग गर्नुपर्नेछ।

(४) जनस्वास्थ्य आपत्कालको प्रतिकार्यका समयमा विभिन्न निकायहरुले अनुसूची ३ बमोजिम सूचना आदान प्रदान गर्नुपर्नेछ।

## परिच्छेद ३
## विविध

१३. जनशक्ति व्यवस्थापनः जनस्वास्थ्य आपत्काल व्यवस्थापनका लागि जन-स्वास्थ्य नियमावलीको नियम २७ र २८ बमोजिम आवश्यक जनशक्ति स्थायी दरबन्दी, आन्तरिक तथा अन्य श्रोतबाट, वा आई.सि.एस्. को निर्णय बमोजिम व्यवस्थापन गर्न सक्नेछ।

१४. आर्थिक व्यवस्थापनः जनस्वास्थ्य आपत्कालका बेला आई.सि.एस्. एक्टिभेट भइ केन्द्र, प्रादेशिक केन्द्र वा स्थानीय तह बाट २४ सै घण्टा सातै दिन कार्य गर्नुपरेमा तत् तत् तहबाट प्रचलित कानून बमोजिम आवश्यक प्रोत्साहन तथा अन्य सुविधाको सुनिश्चितता गर्नेछ।

१५. आपूर्ति व्यवस्थापनः जनस्वास्थ्य आपत्काल तथा विपद् व्यवस्थापनका लागि चाहिने आकस्मिक स्वास्थ्य औषधि तथा औषधिजन्य सामाग्रीहरु रणनैतिक स्थानहरुमा रहेका अस्पतालहरु, प्रदेश तथा स्थानीय तहले राखु पर्दछ | रसद विषयगत क्षेत्रसंगको सहकार्यमा इकाईले अन्य स्थानहरुमा पनि स्वास्थ्य सामग्रीहरू भण्डारण गर्न सक्नेछ।

१६. क्षमता अभिवृद्धिः संघ, प्रदेश र स्थानीय तहका स्वास्थ्यकर्मी, नेतृत्व र सरोकारवालालाई जनस्वास्थ्य आपत्कालको पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभ सम्बन्धी तालिम, अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्न तथा प्राविधिक सहयोग

उपलब्ध गराउनका लागि इकाई र प्रादेशिक केन्द्रले सम्बन्धित क्षेत्र तथा निकायसँग समन्वय गर्न सक्नेछ।

१७. हेरफेर वा थपघटः मन्त्रालयले आवश्यकता वा समयानुकुलताका आधारमा यस निर्देशिकामा आवश्यक हेरफेर वा थपघट गर्न सक्नेछ।

१८. वाधा अड्काउ फुकाउः यो निर्देशिका कार्यान्वयन गर्न कुनै वाधा अड्काउ परेमा मन्त्रालयले वाधा अड्काउ फुकाउन सकिनेछ।

## अनुसूची १

**(दफा ४ को उपदफा (२) खण्ड (ख) (३) संग सम्बन्धित)**

**<u>स्थिति विश्लेषण टेम्प्लेट</u>**

**१) प्रभावित क्षेत्रको नक्शाः**

दुई वा दुईभन्दा बढी वडाहरू प्रभावित (नक्शा सहित)

दुई वा दुईभन्दा बढी पालिकाहरू प्रभावित (नक्शा सहित):

दुई वा दुईभन्दा बढी जिल्लाहरू प्रभावित (नक्शा सहित):

दुई वा दुईभन्दा बढी प्रदेशहरू प्रभावित (नक्शा सहित):

**२) मृत्यु र रुग्णता जोखिमः**

**३) अस्पताल, स्वास्थ्य संस्था तथा तिनका विभिन्न सेवाहरुमा जोखिम :**

स्वास्थ्य संस्था वा अस्पतालमा पहुँच :

आपूर्ति व्यवस्थापनको अवस्थाः

स्वास्थ्य संस्था वा अस्पतालमा असरः

आपत्कालीन चिकित्सकीय समूहको आवश्यकताः

सर्भिलेन्स प्रणालीमा असरः

**४) विभिन्न रोग तथा महामारी फैलन सक्ने सम्भावनाः**

विभिन्न रोगहरुको पहिले र अहिलेको प्रवृतिः

द्रुत प्रतिकार्य टोलीको व्यवस्था तथा क्षमताः

**५) खोप तथा खोप सेवाको अवस्थाः**

**६) विभिन्न स्वास्थ्य सेवाहरुको अवस्थाः**

बाल स्वास्थ्य र पोषण

प्रजनन् तथा आमा सुरक्षा

TB तथा HIV

नसर्ने रोगहरु

मानसिक स्वास्थ्य

ट्रमा व्यवस्थापन

**७) आगामी महिनासम्म हुन सक्ने मुख्य स्वास्थ्य जोखिमहरू र तिनको जोखिम लेभलः**

| आगामी महिनासम्म हुन सक्ने मुख्य स्वास्थ्य जोखिमहरु | | |
|---|---|---|
| **जनस्वास्थ्य जोखिम** | **लेभल** | **तर्क** |
| [e.g. AWD] | | |
| [e.g. malaria] | | |
| [e.g. ARI] | | |
| [e.g. mental health] | | |
| [e.g. injuries] | | |

रातोः धेरै उच्च जोखिम। आगामी महिनामा अत्यधिक मृत्यु, बिरामी पर्ने, अङ्गभङ्ग हुनसक्ने।

सुन्तलाः उच्च जोखिम। आगामी महिनामा उल्लेखनीय स्तरमा मृत्यु, बिरामी पर्ने, अङ्गभङ्ग हुनसक्ने।

पहेंलोः मध्यम जोखिम। आगामी महिनामा कम मात्रामा मृत्यु, बिरामी पर्ने, अङ्गभङ्ग हुनसक्ने।

हरियोः कम जोखिम। आगामी महिनामा सम्भवतः मृत्यु, बिरामी पर्ने, अङ्गभङ्ग नहुने।

## अनुसूची २

**(दफा ८ को उपदफा (१) संग सम्बन्धित)**

**मुख्य सम्पर्क (हब) अस्पतालको मापदण्ड**

१) मुख्य सम्पर्क अस्पताल सरकारी वा सामुदायिक अस्पताल हुनुपर्नेछ।

२) मुख्य सम्पर्क अस्पताल रणनीतिक स्थानमा अवस्थित हुनुपर्नेछ।

३) मुख्य सम्पर्क अस्पताल कम्तिमा दुई जिल्लाका सबै अस्पतालहरुसंग समन्वय गर्न पायक स्थानमा अवस्थित हुनुपर्नेछ। तर, काठमाडौं लगायत ठूला शहरहरूका हकमा १ भन्दा बढि हब अस्पतालहरु हुन सक्नेछ।


४) मुख्य सम्पर्क अस्पतालको कम्तिमा १० वटा स्याटेलाइट अस्पताल हुनुपर्नेछ।

५) कुनै पनि प्रदेशमा मुख्य सम्पर्क अस्पतालहरूको संख्या विपद् तथा महामारीको आवृति, भूगोल, बिरामीको चाप र  जनघनत्वको आधारमा हुनुपर्नेछ।

# अनुसूची ३

## दफा १२ उपदफा (४) संग सम्बन्धित

## <u>सूचना आदानप्रदान ढाँचा</u>



प्राविधिक तथा प्रकाशन सहयोगः

World Health Organization
Nepal

Funded by
European Union
Humanitarian Aid

नेपाल सरकार

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

रामशाहपथ, काठमाडौं